# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८० मिति २०८०।०३।२८

चलानी नं

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२८**

भीरकोट नगरपालिका र भीरकोट नगर अस्पतालको लागि तपसिलमा उल्लिखित कर्मचारीहरु खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपरेको हुँदा तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका कागजातहरुको छायाप्रति संलग्न राखी भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर | १ जना |
| २ | ०२/०७९/०८० | फार्मेसी सहायक | सहायकस्तर | १ जना |
| ३ | ०३/०७९/०८० | रेडियोग्राफर | सहायकस्तर | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

क) विज्ञापन नं ०१/०७९-०८० मा उल्लिखित सुचना प्रविधि अधिकृत पदको लागि लोक सेवा आयोगबाट लिने कम्प्युटर अधिकृत पदको लागि आवश्यक न्यूनतम योग्यता वा मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer Engineering वा Bachelor in Information and Communication Technologies वा सो सरहको विषयहरु लिई स्नातक (BIT, BIM,BBIS, BCA, BCIS, BE IT, Bsc. CSIT, BICTE) उपाधी हासिल गरेको ।

ख) विज्ञापन नं ०२/०७९-०८० मा उल्लिखित फार्मेसी सहायक पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट Diploma In Pharmacy तह उत्तीर्ण गरि, सम्बन्धित काउन्सिलमा दर्ता भई प्रमाणपत्र प्राप्त गरेको ।

ग) विज्ञापन नं ०३/०७९-०८० मा रेडियोग्राफर पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।

घ) उमेरको हदः सूचना प्रविधि अधिकृतका लागि लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र अन्य पदको लागि १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

२. दरखास्त फाराम पाइने र बुझाउने स्थानः भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बयरघारी, स्याङ्जा ।

३. दरखास्त दिने अन्तिम मितिः- २०८०/०४/११ गते कार्यालय समयभित्र ।

४. आवेदन दस्तुरः- सूचना प्रविधि अधिकृत पदको लागि रु. १२००।- (रु. एक हजार दुई सय मात्र) र अन्य पदको लागि रु ७००।- (रु. सातसय मात्र)

५. छनौटको किसिमः- लिखित परिक्षा, प्रयोगात्मक र अन्तरबार्ता

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८० मिति २०८०।०३।२८
चलानी नं

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
   ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   घ) काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि
   ङ) अनुभव भए सोको कागजात
   च) २ प्रति पासपोर्ट साइजको फोटो
७. सेवा सुविधाः नियमानुसार ।
८. परीक्षा कार्यक्रमः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट नगरपालिकाको वेबसाइट https://bheerkotmun.gov.np मा प्रकाशित गरिनेछ ।

पुनश्चः विस्तृत जानकारीको लागि भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जामा सम्पर्क गर्नहुन तथा वेबसाइट https://bheerkotmun.gov.np मा हेर्नुहुन जानकारी गरिन्छ ।।

..................................
धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत